SET-4

**Series #CDBA/S**

प्रश्न-पत्र कोड
Q.P. Code **17/S**

रोल नं.
Roll No.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **11** पृष्ठहरू छन् ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **11** वटा प्रश्नहरू छन् कि छैनन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन् ।

- Please check that this question paper contains **11** printed pages.
- Please check that this question paper contains **11** questions.
- Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- **Please write down the serial number of the question in the answer-book before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 80*

*Time allowed : 3 hours* | *Maximum Marks : 80*

***General Instructions :***

*(i)* *This question paper is divided into **2** sections.*

*(ii)* *It has total **11** questions.*

*(iii)* ***Section A** : **3** questions no. **1** to **3**.*

*(iv)* ***Section B** : **8** questions no. **4** to **11**.*

*Attempt questions as per specific instructions.*

*Write question no. in answer book before attempting it.*

***सामान्य निर्देश :***

*(i)* *ये प्रश्नपत्र दुइ भागमा बाँड़िएको छ ।*

*(ii)* *यस प्रश्नपत्रमा जम्मा **11** (एघार) वटा प्रश्नहरू छन् ।*

*(iii)* *भाग एकमा **3** (तीन) वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **1** (एक) देखि प्रश्न संख्या **3** (तीन) प्रश्न संख्या सम्म राखिएको छ ।*

*(iv)* *भाग दुइमा **8** (आठ) वटा प्रश्नहरू छन् जो प्रश्न संख्या **4** देखि **11** प्रश्न संख्या सम्म राखिएको छ ।*

*विशेष निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख्नुहोस् ।*

*उत्तर दिन अघि उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्नुहोस् ।*

**भाग एक**

**(बहुवैकल्पिक प्रश्नहरू)**

**1.** निम्नलिखित अनुच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका सही विकल्प छानेर उत्तर दिनुहोस्। *5×1=5*

जुन मानिस केही कुराको इच्छा गर्छ अनि त्यो इच्छापूर्तिका निम्ति परिश्रम गर्छ, उसैको इच्छा पूर्ण हुन्छ । कति मानिसहरू इच्छा गर्छन् तर परिश्रम गर्दैनन् । यस्ता मानिसहरूको इच्छा कहिल्यै पनि पूर्ण हुन सकेन । फेरि कति मानिसहरू काम गर्ने साधन नै छैन भनी परिश्रम गर्न अग्रसर हुँदैनन् । यस्ता मानिसहरूलाई हामी यो भन्न सक्छौँ कि उनीहरूमा वास्तविक इच्छाशक्तिको अभाव छ वा कुनै पनि काम कुनै प्रकारको साधनको अभावमा रोकिँदैन । मानिसमा काम गर्ने दृढ़ इच्छाशक्ति हुनुपर्छ तब साधन उपाय आफैँ समक्ष उपस्थित हुन आउँछन् । जीवनका आवश्यकताहरू पूरा गर्नका निम्ति हामीले दृढ़ इच्छा गरेर कठोर परिश्रम गर्नुपर्छ । यसो गर्नाले मात्र हामी आफ्नो व्यक्तिगत उन्नति गरेर देशको सेवा अनि उन्नति गर्न सक्छौँ । विश्वमा जति पनि उन्नति भइरहेका छन्, ती सबै इच्छाशक्ति र अटूट परिश्रम गर्ने व्यक्तिहरूको परिश्रमको परिणाम हो ।

कति मानिसहरू आर्थिक कठिनाई र अरू साधनको कमीले आफूले चाहेजस्तो काम गर्न सकिएन भनी भन्दछन् । यस्ता मानिसहरूले 'नेपोलियन', 'विद्यासागर' जस्ता महापुरुषहरूको जीवनीबाट शिक्षा लिनुपर्छ । 'असम्भव' शब्द मुर्खहरूको शब्दकोशमा मात्र पाइन्छ भनी नेपोलियनले भनेका थिए । मनन गर्दा सो उक्ति सत्यले पूर्ण छ किनभने 'खाने मुखलाई जुँगाले छेक्दैन ।' अलिकति बुद्धि लगाए मानिसले जस्तै कठिन काम पनि सफलतासित सम्पन्न गर्नसक्छ । जसरी तिर्खाएको कागले गाग्रामा ढुङ्गा हालेर भए पनि आफ्नो पानीको तृष्णा मेटाएको थियो ।

हामीले कहिल्यै विषयवासना कुप्रवृत्ति तर्फको इच्छा राख्नुहुँदैन । यस्तो इच्छा राख्ने मानिस सदैव दुःख, अशान्ति र असफलताको लागि भागी बन्नुपर्छ । सदिच्छाद्वारा मात्र हामी आफ्नो र अरुको जीवनलाई सुखी एवं शान्तिमय साथै सफल तुल्याउन सक्छौँ । कुनै वस्तुको इच्छा गर्दा हामीले अरुको हित र अहितको पनि वास्ता राख्नुपर्छ । आफ्नो इच्छा पूर्ण गर्दा अरुको जीवनमा कुनै किसिमको आहत नहोस्, अरुको कुभलो नहोस् – यस्तो प्रकारको हितकारी इच्छा हामीले गर्नुपर्छ । आफ्नो भलाईका निम्ति अरुको भलो-कुभलोको वास्ता नराख्नु अनैतिकता हो । हामीले यस्तो इच्छा गर्नुपर्छ जुन इच्छाको सिद्धिमा आफ्नो सहित समाज, जाति र देशको पनि भलाई होस् ।

(i) आफूमा केही गर्ने दृढ़ इच्छाशक्ति भए के हुन्छ ?

- (A) परिश्रम नगरी सफलता पाइन्छ
- (B) साधन र उपाय आफै जुट्छ
- (C) आर्थिक कठिनाईले साथ दिँदैन
- (D) साधनको अभाव हुन्छ

(ii) देशको सेवा र उन्नति सम्भव हुन्छ ?

- (A) दृढ़ इच्छाशक्ति र कठोर परिश्रम गरेर
- (B) विषयवासनाको इच्छा राखेर
- (C) साधनहरू पूर्ण रूपले जुटाएर
- (D) आर्थिक रुपले सम्पन्न भएर

(iii) हामीले कस्तो किसिमको इच्छा शक्ति राख्नुपर्छ ?

(A) अनैतिक

(B) विषयवासनाले पूर्ण

(C) भलो-कुभलोको वास्ता नगर्ने

(D) हितकारी र भलाइयुक्त

(iv) कस्तो मानिस असफलताको भागी बन्दछ ?

(A) आर्थिक समस्या भएको

(B) विषयवासनाको इच्छा राख्ने

(C) दृढ़ इच्छाशक्ति र परिश्रम गर्ने

(D) लगनशील

(v) 'खाने मुखलाई जुँगाले छेक्दैन' भन्नुको तात्पर्य के हो ?

(A) आर्थिक कठिनाई भए केही गर्न सकिँदैन

(B) परिश्रम नगरे पनि सफलता पाइन्छ

(C) जसले इच्छा गर्छ उसले केही उपाय निकाल्छ

(D) आफूले गर्न नसक्ने इच्छाशक्ति राख्नु हुँदैन

**2.** निम्नलिखित कवितांश पढ़ेर सोधिएका प्रश्नहरूको सही विकल्प लेख्नुहोस् । *5×1=5*

घिस्याउँदै लैजाने मलाई
निर्बल एउटा बूढ़ो मृत्यु
डाक्न परे अहो ! जीवनको मेरो अर्थपूर्णता फुस्कन्छ
निस्सारतासित रोएर
मेरो बचाईको तात्पर्य टुक्रन्छ
उपस्थिति रूँगेर
एउटा अल्छे मृत्युको
छैन मर्ने रूखो चाहना मलाई कदाचित्
गंगा र तुलसी जलका
पवित्र घुट्का अन्तिम पर्खेर
गीताको कर्मयोग बूढ़ा कानले सुनेर
अनि चाहिएन कल्पनातीत स्वर्ग त्यो
वैतरणीपारिको

सुन्दा सुन्दै यहाँ
रोदन, क्रन्दन र अश्रुमय आर्तनाद
मेरै धरती वारिको
मलाई त चाहिएको छ
एउटा युवक मृत्यु
मरणको एउटा चहकिलो मध्याह्न
झुल्दै निन्द्रा जीवनको अन्तिम
निदाउन मलाई जिन्दगीको धमिलो साँझ चाहिएन
म डाँड़ाको घाम भएर अस्ताउन चाहन्नँ
जीवन तरूबाट यो
ओइली ओइली झर्न चाहन्नँ म
मेरो गौरवपूर्ण समाप्तिका निम्ति
कि त मेरो जातित्वप्रति
धावा बोलिएको एउटा मुहुर्त होस्
कि त मेरो अस्तित्वप्रति
कुठाराघात गरिएको एउटा घातक क्षण होस्
कि त मेरो स्वाभिमानप्रति
लाठो बर्साइएको एउटा भत् भत् पोलिएको बेला होस्
ज्वालामुखी सङ्घर्षको लिएर ब्युँझन सकूँ, अनि
क्रान्ति लिएर लम्कन सकूँ, अनि
यसरी होमिन पुगूँ आत्म-उत्साहको बलिवेदीमा
त्यस्तै एउटा हँसिलो युवक मृत्यु चाहिरहन्छु
मृत्युलाई जीवनको एउटा चहकिलो मध्याह्न रोजिरहन्छु
अनि, म मेरै चरतीमा स्वर्ग खोजिरहन्छु ।

(i) कविले यहाँ कस्तो मृत्युको कामना गरेका छन् ?

(A) निर्बल बूढ़ो मृत्यु ।

(B) निस्सारताले पूर्ण मृत्यु ।

(C) गीताको कर्मयोग सुन्दै जाने मृत्यु ।

(D) जवान अवस्थाको हँसिलो मृत्यु ।

(ii) कवि कसरी अस्ताउन चाहन्छन् ?

(A) धमिलो साँझको डाँड़ाको घाम भएर।

(B) चहकिलो मध्याह्नको घाम भएर।

(C) रूखबाट ओइलिएको पात झैँ भएर।

(D) रोदन, क्रन्दन र आर्तनाद सुनेर।

(iii) कविलाई कस्तो मरण गौरवपूर्ण लाग्दछ ?

(A) निस्सारपूर्ण निर्बल मरण।

(B) गंगा र तुलसी जल पिएर भएको मरण।

(C) डाँड़ाको घाम झैँ भएर हुने मरण।

(D) क्रान्ति, विद्रोह गर्दा गर्दै भएको हँसिलो मरण।

(iv) के गर्नुपरे कविको बचाइको तात्पर्य साकार हुन्छ ?

(A) केही काम नगरी चुपचाप मर्नु परे।

(B) ओइलीएर झर्नुपरे।

(C) मध्याह्नको चहकिलो घाम झैँ भएर मर्नुपरे।

(D) वैतरणीपारिको कथा सुन्दै मर्नुपरे।

(v) कवि कसरी आत्म उत्सर्गको बलिवेदीमा होमिन चाहन्छन् ?

(A) निस्सारतासित अल्झिएर।

(B) घमिलो साँझको घाम बनेर।

(C) विद्रोह र क्रान्ति लिएर।

(D) गीताको कर्मयोग आफ्ना कानले सुनेर।

**3.** निम्नलिखित बहुवैकल्पिक प्रश्नहरूका सही विकल्प लेख्नुहोस्। *10×1=10*

(i) जुन समस्त पदले सोझो अर्थ नबुझाएर भिन्न अर्थ बोध गराउँछ त्यसलाई ______________समास भनिन्छ।

(A) बहुव्रीहि

(B) तत्पुरुष

(C) अव्ययीभाव

(D) कर्मधारय

(ii) 'दुई नदीको संगम - दोभान' – यो समस्त पद कुन समासभित्र पर्दछ ?

(A) द्वन्द्व समास

(B) कर्मधारय समास

(C) द्विगु समास

(D) तत्पुरुष समास

(iii) देखि, देखिन्, बाट आदि कुन विभक्तिका चिह्न हुन् ?

(A) प्रथमा

(B) तृतीया

(C) पञ्चमी

(D) सप्तमी

(iv) काम गर्ने नामलाई ______________ कारक भनिन्छ।

(A) अधिकरण

(B) अपादान

(C) करण

(D) कर्ता

(v) 'मुसा प्वालमा पस्यो।' – यस वाक्यको रेखाङ्कित विभक्ति कुन कारकभित्र पर्दछ ?

(A) कर्ता

(B) कर्म

(C) सम्प्रदान

(D) अधिकरण

(vi) दिइएका जोड़ामध्ये कुन सही छैन ?

(A) आदि – अन्त (B) प्राचीन – अप्राचीन

(C) मंगल - अमङ्गल (D) प्रश्न – उत्तर

(vii) अभिरामको अर्थ सुन्दर हुन्छ भने अविरामको अर्थ के हुन्छ ?

(A) असुन्दर (B) विराम

(C) शून्य (D) निरन्तर

(viii) समान अर्थ भएका शब्दलाई ________________ भनिन्छ ।

(A) समोच्चारित शब्द (B) प्रतिशब्द

(C) सार शब्द (D) विविध शब्द

(ix) दिइएका शब्द र अर्थका जोड़ामध्ये कुन सही छ ?

(A) उपयुक्त – माथिको (B) गर्व – पेट

(C) कीर्ति – नाम (D) चरण – गाईवस्तु चर्ने ठाउँ

(x) समासद्वारा बनिएको शब्दलाई के भनिन्छ ?

(A) अनेकार्थक शब्द (B) समस्त पद

(C) विविध शब्द (D) पर्यायवाची शब्द

## भाग दुई
## (वर्णनात्मक प्रश्न)

**4.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् । *3×2=6*

(i) स्वरूपअनुसार वाक्यका कति भेद छन् ? के-के ?

(ii) वियोजनमा लेखिएका तलका वाक्यहरूलाई संयोजनमा लेख्नुहोस् ।

(a) उ घर गयो । उसले खाजा खायो ।

(b) बालकहरूले रेलगाड़ी देखे । बालकहरू खुशी भए ।

(iii) निम्नलिखित कुनै ***एक*** वाग्धाराको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।

(a) कान ठाड़ो पार्नु ।

(b) एकै आँखाले हैर्नु ।

**5.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् ।

(i) 'मन' एकाङ्कीमा एकाङ्कीकारले मनको शक्तिभन्दा बलवान के हुँदोरहेछ भनेका हुन् ? *2*

(ii) चामेका गालामा कसको लबटो पर्यो ? किन ? *2*

(iii) (a) ड़ाक्टर नानोले बनाएकी क्लोरिना र फेरसबीच किन दिगो सम्बन्ध हुन सकेन ? *2*

**अथवा (OR)**

(b) लेखक हृदयचन्द्रसिंह प्रधानले सोझा लेखमा बुढ्याइँको परिभाषा कसरी दिएका छन् ?

(iv) संसारमा दानवताको उद्बोधन कसरी हुन्छ ? *2*

(v) म आफैं भोलि तिम्रोमा निस्कनछु । यति बेलैतिर निस्कन्छु । *3*

(a) यो वाक्य कसले कसलाई भनेको हो ?

(b) वक्ताले केका लागि भोलि आउने कुरा गरेकी हो ?

(vi) जुठे दमाइको गृहस्थी जीवनसँग आफ्नो गृहस्थी जीवनको तुलना गरेर चामे किन दुःखी हुन्थ्यो ? *3*

**6.** निम्नलिखित कुनै ***चार*** प्रश्नहरूका उत्तर लेख्नुहोस् । *4×3=12*

(i) कवि राजेन्द्र भण्डारीले आजका मानिसहरू कविता नपढ़ेर के-कस्ता कुराहरू गर्न रूचाउँछन् भनेका छन् ?

(ii) 'यात्री' कवितामा कविले मन्दिरमा ईश्वरको दर्शन गर्न जाने मानिसहरूलाई कसकोमा फर्किएर जाऊ भन्ने सल्लाह दिएका छन् ? त्यहाँ गएर उनीहरूलाई के गर भनेका छन् ?

(iii) लोभ, लालच, ईर्ष्या आदि जस्ता कुराको तुच्छ जालो मनमा बोकेको मानिसले कस्ता-कस्ता कुराहरू कालो देख्छ ? सत्य सन्देश कविताका आधारमा चर्चा गर्नुहोस् ।

(iv) के कारणले चामे, रामे, हर्के, वीरे झटारा भएका छन् ?

(v) हामीले आफ्नो कर्तव्य नगरे कुन-कुन कुराले हामीलाई धिक्कार्नेछ ? 'शहीदहरूको सम्झनामा' कविताका आधारमा लेख्नुहोस् ।

**7.** निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् ।

(i) दार्जीलिङ्मा बस्दा कमललाई आफूले के भूल गरेँ जस्तो लाग्थ्यो ? *2*

(ii) (a) वरमानले जुनीको प्राण कसरी बचायो ? *2*

**अथवा (OR)**

(b) लाउरेको हत्या भएको खबर गर्न द्वारेकोमा हिँड़ेको रने भागेर कतातिर लाग्यो ? उ कहाँ समातियो ?

(iii) मोतीलाई आमाले एकपटक के भनेर झुटो बोलेकी थिइन् ? किन ? *3*

(iv) टोटलाको फूल देख्दा कमललाई किन सोनामणिको याद आयो ? *3*

**8.** निम्नलिखित प्रश्नहरूमध्ये कुनै ***दुईवटा*** प्रश्नका उत्तर लेख्नुहोस् । *2×2=4*

(i) इन्द्रबहादुर राईको जन्म कहिले भएको थियो ? उनको पहिलो कथासंग्रह कुन हो ?

(ii) कवि राजेन्द्र भण्डारीका कुनै दुईवटा कवितासंग्रहका नाम लेख्नुहोस् ।

(iii) लक्खीदेवी सुन्दासले कहाँबाट विद्यावारिधि प्राप्त गरेकी थिइन् ? साहित्यका क्षेत्रमा उनले पाएका कुनै दुईवटा पुरस्कारका नाम लेख्नुहोस् ।

**9.** तल दिइएका कुनै ***एउटा*** विषयमा 150 शब्दसम्मको चाखलाग्दो निबन्ध लेख्नुहोस् । *1×5=5*

(i) मेरो राष्ट्र, मेरो गौरव ।

(ii) मेरा आदर्श व्यक्ति ।

**10.** (a) परीक्षाको निम्ति शुभकामना दिँदै टाड़ामा भएको साथीलाई एउटा पत्र लेख्नुहोस्। *5*

**अथवा (OR)**

(b) आफ्नो क्षेत्रमा निकै लामो समयदेखि बिजुली-बत्तीको सेवा काटिएको हुँदा यसको समाधानका निम्ति सम्बन्धित विद्युत विभागका सचिवलाई एउटा निवेदन पत्र लेख्नुहोस्।

**11.** निम्नलिखित वाक्यहरूलाई नेपालीमा अनुवाद गर्नुहोस्। *4×1=4*

(i) It has been writing since morning.

(ii) Necessity is the mother of invention.

(iii) We should protect our natural resources.

(iv) Smoking is injurious to health.